मिति २०७६।०१।१५ बैठक संख्या ३२

आज मिति २०७६।०१।१५ गतेका दिन दिउसो १.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापा ज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

**उपस्थिति**

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला गुरुङ | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

१. उमानाथ ढकाल
२. गोविन्द प्रसाद पौडेल
३. राम प्रसाद सापकोटा

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ३२

मितिः २०७६।०१।१५

<u>प्रस्तावहरु</u>

१) समीक्षा , ..................................................................

२) वेरुजु असुल उपर सम्बन्धमा

३) न्यायिक समिति ( कार्यविधि सम्बन्धी ) ऐन, २०७५ स्विकृत सम्बन्धमा

४) सम्पत्ति कर कार्यविधि २०७६ सम्बन्धमा

५) सेवा सुविधा रोक्का राख्ने वा कारवाही गर्ने सम्बन्धमा

६) अपांग समिति गठन सम्बन्धमा

७) रिभरवोट संचालन अनुमति सम्बन्धमा

८) योजना कार्यक्रमको खर्च व्यवस्थापन सम्बन्धमा

९) शिक्षक चैत्र मसान्त सम्मको तलवं व्यवस्था

१०) प्रधानमन्त्री रोजगार निर्देशक समिति गठन

११) साँढेवगर घाटमा मेशिन प्रयोग म्याद थप

१२) उद्यम विकास समिति गठन

१३) जग्गा भाडामा दिने

निर्णयहरु

१) तपसिल अनुसारको विषयमा समीक्षा एवं जानकारी हाँसिल गरियो ।

क) दोस्रो चौमासिक प्रगति समीक्षा सम्पन्न भएको र योजना कार्यान्वयन तथा फरफारकको प्रगति प्रतिवेदन को जानकारी भयो ।

ख) आयोजना अनुगमन एवं सुपरिवेक्षण समितिको प्रतिवेदनको जानकारी भयो ।

ग) पूर्ण सरसफाई कार्यक्रम र घोषणाको वारेमा समीक्षा गरियो । र गाउँपालिकाको ५ वटै वडाहरुले पूर्ण सरसफाइका सूचकहरु पूरा गरी ५ वटै वडाहरुलाई पूर्ण सरसफाई उन्मुख वडा घोषणा गरिएकोमा अव गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गर्न तयारी गर्ने निर्णय गरियो ।

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल

दुर्गा बहादुर ...
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

घ) सम्पत्ति कर सम्बन्धमा अभिमुखिकरण भएको र आगामी आ.व. २०७६।०७७ श्रावण महिना देखि सम्पत्ति कर कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) आर्थिक वर्ष २०७४।०७५ को लेखा परीक्षण गरी महालेखा परिक्षकले दिएको प्रतिवेदनमाथी छलफल गर्दा आ.व. २०७३।०७४ सम्मको बेरुजु १८९३७७४।०४ ( अक्ष रुपि अठार लाख त्रियानब्बे हजार सात सय चौहत्तर पैसा चार ) बेरुजु बाँकी रहेकेमा यस आ.व. ५१५०००। सम्परीक्षण भएको देखिन्छ । बाँकी रकमको वेरुजु फछ्यौट गर्नको लागी वडा कार्यालयको सहयोग र समन्वयमा पहल गर्ने निर्णय गरियो ।

३) न्यायिक समिति ( कार्यविधि सम्बन्धी ) ऐन, २०७५ स्विकृत गरियो ।

४) सम्पत्ति कर कार्यविधि २०७६ स्विकृत गरियो ।

५) सेवा सुविधा रोक्का राख्ने वा कारवाही गर्ने

गाउँपालिका, वडा, टोलको निर्णयलाई अवज्ञा गर्ने तथा तपसिल अनुसारको काम गर्ने वडावासीलाई गाउँपालिका, वडा, टोलबाट प्राप्त हुने सेवा, सुविधा, सिफारिस रोक्का राख्ने वा नगद जरिवाना र कानूनी कारवाही गर्ने वा दुवै सजाय गर्न सकिनेछ ।

क) फोहोरमैला गर्ने

ख) घर नक्शा पास नगर्ने

ग) विकास योजना तथा कार्यक्रममा लागत सहभागिता अनुसार रकम तथा श्रम नव्योर्ने

घ) चलन चल्तीको बाटो रोक्ने, मिच्ने, भत्काउने

ङ) मदिरा सेवन गरी हो हल्ला गरी सामाजिक वातावरण खल्वलाउने

च) गाउँपालिका, वडा, टोलको निर्णयलाई अवज्ञा गर्ने

६) अपाङ्गता परिचयपत्र वितरण गर्ने समेत कार्यका लागी देहाय अनुसार समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) उपाध्यक्ष श्री विमला थापा | संयोजक |
| ख) कार्यपालिका सदस्य श्री अनिता गुरुङ्ग | सदस्य |
| ग) वज्रयोगिनी मा.विका प्रधानाध्यापक श्री लाल वहादुर गुरुङ्ग | सदस्य |
| घ) समितिले तोकेको चिकित्सक एक जना | सदस्य |
| ङ) इलाका प्रहरी कार्यालय, देवघाटका प्रमुख | सदस्य |
| च) गाउँपालिका अपाङ्ग सञ्जालका अध्यक्ष | सदस्य |
| छ) हे.अ.( छैठौं ) प्रदिप वुढाथोकी | सदस्य सचिव |
| ज) स.म.वि.नि. | सदस्य सचिव |

७) ईन्जिन जडित रिभरवोट संचालन गर्नको लागी रंगमहल रिभरल्यान्ड प्रा.लि. वेलना उदयपुरलाई अनुमति दिने निर्णय गरियो

८) आर्थिक वर्ष २०७५।०७६ मा स्विकृत तथा विनियोजित रकममा तपसिल अनुसारको योजना, कार्यक्रम तथा शिर्षकमा तपसिल अनुसारको रकम थप घट गरी संशोधन गर्ने र अनुमान गरिएको भन्दा वढी रकम प्राप्त भएमा वा नयाँ श्रोत प्राप्त भएमा समपुरक कोषमा राखी खर्च गर्ने निर्णय गरियो ।

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

दुर्ग वहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०७५।७६ को संसोधीत कार्यक्रम तथा वजेट थप घट गरी कायमहुने वजेट प्रस्ताव सारांस

| क्र.सं. | कार्यक्रम | स्विकृत रकम | थप गर्नु पर्ने | घटाउनु पर्ने | कायम हुने वजेट |
|---|---|---|---|---|---|
| १ | सोलार सिंचाई | ५००,०००।०० | | ५००,०००।०० | ( |
| २ | घास खरीद अनुदान | २००,०००।०० | | १००,०००।०० | १००,०००।०० |
| ३ | टोल विकास तथा क्षमता विकास तालिम | ५००,०००।०० | | १००,०००।०० | ४००,०००।०० |
| ४ | अन्तर वडा कृषक भ्रमण | २००,०००।०० | | २००,०००।०० | ( |
| ५ | उत्कृष्ठ कृषक पुरस्कार | १००,०००।०० | | १००,०००।०० | ( |
| ६ | खहरे कुलो मर्मत | ३००,०००।०० | | ३००,०००।०० | ( |
| ७ | देवघाट पर्यटन सुचना अभिलेख केन्द्र | २,०००,०००।०० | | ५७०,०००।०० | १,४३०,०००।०० |
| ८ | सहकारी शिक्षा कर्यक्रम | ३००,०००।०० | | १५०,०००।०० | १५०,०००।०० |
| ९ | उपयुक्त प्रविधी हस्तान्तरण | १००,०००।०० | | १००,०००।०० | ( |
| १० | अनुगमन | १००,०००।०० | | १००,०००।०० | ( |
| ११ | विध्याथी भर्ना अभियान | १००,०००।०० | | १००,०००।०० | ( |
| १२ | परिक्षा संचालन तथा व्यवस्थापन | २००,०००।०० | ६६०,१६५।०० | | ८६०,१६५।०० |
| १३ | पार्वती मा.वि. कम्पाउण्ड निर्माण | ४००,०००।०० | | ४००,०००।०० | ( |
| १४ | गोरखा कालीका वेन्च खरीद | १००,०००।०० | | १००,०००।०० | ( |
| १५ | देवघाट धमार्थ अस्पताल संचालन तथा व्यवस्थापन | १,५००,०००।०० | ३१८,१७२।०० | | १,८१८,१७२।०० |
| १६ | खानेपानी योजना | ५,०००,०००।०० | | १,४२९,०००।०० | ३,५७१,०००।०० |
| १७ | सामाजिक परीचालन | ४००,०००।०० | | ३००,०००।०० | १००,०००।०० |
| १८ | सरसफई टोल गा.पा. घोषण कार्यक्रम | १,०००,०००।०० | ३३०,७९८।०० | | १,३३०,७९८।०० |
| १९ | फोहर मैला व्यवस्थापन | १,०००,०००।०० | ९९४,५२२।०० | | १,९९४,५२२।०० |
| २० | वाल वालिका अनुगमन | २००,०००।०० | | १००,०००।०० | १००,०००।०० |
| २१ | वाल मैत्री कार्यक्रम संचालन वडा | ५००,०००।०० | | २९८,०००।०० | २०२,०००।०० |
| २२ | युवा स्वरोजगार उधम कोष | १,०००,०००।०० | | ६७०,०००।०० | ३३०,०००।०० |
| २३ | टोल विकास कार्यक्रम सामाग्री सहयोग | ८००,०००।०० | | ५२५,०००।०० | २७५,०००।०० |
| २४ | वडा नं. २,३,४मा खेल मैदान | ५००,०००।०० | | ४००,०००।०० | १००,०००।०० |
| २५ | गाउ यातायात गुरुयोजना कायान्वयन तथा व्यवस्थापन | ५००,०००।०० | ( | ५००,०००।०० | ( |
| २६ | भवन संहिता कार्यान्वयन तथा व्यवस्थापन | ५००,०००।०० | ( | ५००,०००।०० | ( |
| २७ | गोपीटार मो.मा. मर्मत | २००,०००।०० | ४०,०००।०० | | २४०,०००।०० |
| २८ | सार्वजनिक जग्गा संरक्षण | २००,०००।०० | ( | २००,०००।०० | ( |
| २९ | वर्षखाला मोटर मार्ग मर्मत | १५०,०००।०० | १००,०००।०० | ( | २५०,०००।०० |
| ३० | काफ्ले चौतारा डिहि घोरेटो वाटो | ५०,०००।०० | ( | ५०,०००।०० | ( |
| ३१ | भर्जन खोला देखी कुनैकुना कमला देवी मन्दिर | ३००,०००।०० | २६१,०००।०० | ( | ५६१,०००।०० |
| ३२ | केन्द्रिय प्रसारण लाईन विस्तार | २००,०००।०० | | २००,०००।०० | ( |
| ३३ | विधुती करण विस्तार समपुरक | ३००,०००।०० | १६०,९४८।०० | | ४६०,९४८।०० |
| ३४ | मर्मत संभार कोष | ५,०००,०००।०० | | १,०००,०००।०० | ४,०००,०००।०० |
| ३५ | सिकमी ,डकमी तालिम क्षमता विकास | ५००,०००।०० | ( | ५००,०००।०० | ( |
| ३६ | वन हरीयाली तथा भु. संरक्षण | ५००,०००।०० | ४१२,०००।०० | | ९१२,०००।०० |
| ३७ | विपद व्यवस्थापन कोष | १,५००,०००।०० | | १,०००,०००।०० | ५००,०००।०० |
| ३८ | सामुदायीक प्रहरी नगर प्रहरी | १,५००,०००।०० | | ७१९,०००।०० | ७८१,०००।०० |
| ३९ | पंजिकरण व्यवस्थापन | २००,०००।०० | | १५०,०००।०० | ५०,०००।०० |
| ४० | स्थानिय तथ्यंक संकलन र अभिलेख | ३००,०००।०० | | २५०,०००।०० | ५०,०००।०० |
| ४१ | न्यायीक समिति संस्थागत सुधार | ८००,०००।०० | १८,०४५।०० | | ८१८,०४५।०० |
| ४२ | पत्रकारीता प्रत्साहान,प्रवर्धन सुचाना | ५००,०००।०० | ( | ४००,०००।०० | १००,०००।०० |
| ४३ | एक वडा एक प्राविधिक | १,४६१,०००।०० | | १,४६१,०००।०० | ( |
| ४४ | मेशिनरी औजार | १,५००,०००।०० | २००,०००।०० | | १,७००,०००।०० |
| ४५ | फर्निचर | १,५००,०००।०० | १,३००,०००।०० | | २,८००,०००।०० |
| ४६ | उर्जा तथा विधुत | ३,०००,०००।०० | ३२०,४६१।०० | | ३,३२०,४६१।०० |
| ४७ | वास कार्यक्रम | १,०००,०००।०० | ५,२७१,५४१।०० | | ६,२७१,५४१।०० |
| ४८ | पूर्ण सरसफाइ गा.पा. घोषण कार्यक्रम | ( | १,५००,०००।०० | | १,५००,०००।०० |
| ४९ | समपुरक कोष | १३,०००,०००।०० | ४,०८४,३४८।०० | | १७,०८४,३४८।०० |
| ५० | समपुरक खानेपानी | २,०००,०००।०० | | २,०००,०००।०० | ( |
| | जम्मा | ५३,६६१,०००।०० | १५,९७२,०००।०० | १५,४७२,०००।०० | ५४,१६१,०००।०० |

गाउँपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग वहादुर थापा
अध्यक्ष

९) शिक्षक सेवा आयोगवाट लिईएको परीक्षामा अनुत्तिर्ण भई यस गाउँपालिकी अन्तर्गतका विद्यालयवाट कानून अनुसार शिक्षकहरु स्वतह अवकाश भएका हुँदा विद्यालयमा धेरै शिक्षकहरु रिक्त भई यस शैक्षिक सत्रको पठन पाठन तथा अन्तिम परिक्षमा समेत वाधा पर्ने भएकोले अवकाश प्राप्त सवै शिक्षकहरुलाई चैत्र मसान्त सम्म सम्वन्धित विद्यालयहरुले करारमा राख्ने र उक्त अवधिको तलव भत्ता भुक्तानीको लागी गाउँ कार्यपालिकाको कार्यालयमा माग गरी पठाएपछि गाउँ कार्यपालिकाको कार्यालयले शिक्षाको शसर्त बजेटवाट अवकाश भएदेखी चैत्र मसान्त सम्मको करार अवधीको तलव सम्बन्धित विद्यालयको खातामा निकाशा दिई पठाउने निर्णय गरियो ।

१०) रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ अनुसार नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागी देहाय अनुसार एक निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

(क) गाउँपालिकाका अध्यक्ष श्री दुर्ग वहादुर थापा – अध्यक्ष

(ख) गाउँपालिकाका अध्यक्ष श्री विमला थापा – सदस्य

(ग) वडा नं ५ का अध्यक्ष श्री याल वहादुर गुरङ्ग – सदस्य

(घ) वडा नं. ४ अध्यक्ष श्री पदम वहादुर गुरङ्ग – सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी – सदस्य सचिव

११) देवघाट ५, साँढेवगर घाटवाट नदीजन्य पदार्थ उत्खनन् गर्न ठेक्का लिएको सुमी शारोन कन्स्ट्रक्सन तथा सप्लायर्स प्रा.ली.ले जिल्ला समन्वय समितिले स्विकृत र सिफारिश गरेवमोजिमको परिमाणको नदीजन्य पदार्थ उत्खनन् जिल्ला समन्वय समितिले तोकेको मितिमा गर्न नसकेकोले उक्त घाटवाट सुमी शारोन कन्स्ट्रक्सन तथा सप्लायर्स प्रा.ली.ले नदीजन्य पदार्थ उत्खनन् गर्नको लागी मिति: २०७६।०२।३० सम्मको लागी म्याद थप अनुमति दिने निर्णय गरियो ।

१२) गाउँपालिकामा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी वनाउन देहाय वमोजिमको उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

(क) गाउँपालिकाका अध्यक्ष श्री दुर्ग वहादुर थापा –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी – सदस्य

(ग) कार्यपालिका सदस्य श्री यममायाँ गुरुङ्ग – सदस्य

(घ) वडा महिला सदस्य नानुमाया वि.क. – सदस्य

(ङ) उद्योग ईकाई प्रमुख श्री कृष्णराज पन्त – सदस्य सचिव

१३) कोट वैदीमा रहेको कृषि अनुसन्धान केन्द्रको जग्गा र तालवारीको कृषिको जग्गा दक्षिण क्षेत्र दिगो विकास कृषि सहकारीलाई १० वर्षको लागी प्रति वर्ष रु. १००००। ( अक्ष रुपि दश हजार ) का दरले भाडामा दिने निर्णय गरियो ।

देवघाट गाउँपालिका
कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

दुर्ग वहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत